# मिति २०८२/०८/२५ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण।

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | बिशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन गर्दा लिईएका आधार र कारण |
|---|---|---|---|---|---|
| १. | अवध किशोर प्रसाद कुशवाहा समेत ४ जना (०८१-CR-०००८) फैसला २०८१।०९।२९ | गैह्र कानुनी लाभ हानी पुऱ्याउने बदनियत ले काम गरी भ्रष्टाचार गरेको | (क) प्रतिवादीहरु आन्तरिक मामिला तथा कानून मन्त्रालय मधेश प्रदेशका उप सचिव अवधकिशोर प्रसाद कुशवाहा, रविचन्द्र पजियार र राममनिज यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसूरमा बिगो रु.५,३१,४२८।७० (अक्षेरुपी पाँच लाख एकतीस हजार चार सय अट्ठाईस रुपैया सत्तरी पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन र निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन समेत मागदावी लिई आरोप पत्र | **फैसलाः**<br>प्रस्तुत मुद्दामा प्रतिवादीहरुलाई आरोपित कसूरबाट सफाई दिने ठहर गरि मिति २०८१।०९।२९ मा विशेष अदालत, काठमाण्डौबाट फैसला भएको।<br>**बिशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) प्रतिवादीहरुले अदालतमा वयान गर्दा फिल्डमा भएकै वास्तविक निर्माण कार्यको ठेक्का सम्बन्धी बिल, नापी किताव र कार्य सम्पन्न प्रतिवेदन अनुरुप भुक्तानी दिए लिएको हो। आयोगबाट गरिएको नापीमा वास्तविक | **बिशेष अदालत, काठमाण्डौंबाट आरोप दावी पुग्न नसक्ने ठहर गरि भएको फैसला निम्न आधार कारणवाट बदर भागी छ।**<br>(क) मधेश प्रदेशको गृह मन्त्रालयबाट आ.व. २०७७/०७८ मा ईलाका प्रहरी कार्यालय, गौशाला महोत्तरीको कम्पाउण्ड वाल निर्माणमा डिजाइन सम्झौता भन्दा फरक गरी रकम हिनामिना गरेको भन्ने समेत ब्यहोराको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमको शीर्षक नं. ३१११२ मा रु.२०,००,०००।- (अक्षेरुपी बिस लाख रुपैया) विनियोजन भएकोमा आन्तरिक मामिला तथा कानून मन्त्रालय, मधेश प्रदेश, जनकपुरधामबाट ईलाका प्रहरी कार्यालय, गौशालाको पर्खाल निर्माणका लागि कन्टिन्जेन्सी सहित रु.१९,९८,६२९।- (अक्षेरुपी उन्नाईस लाख अन्ठान्नब्बे हजार छ सय उनान्तीस रुपैया) रकममा लागत अनुमान तयार भई स्वीकृत भएकोमा मूल्याङ्कन समितिद्वारा मू.अ. कर सहित सबैभन्दा घटी रु.१९,७८,६४१।३५ (अक्षेरुपी उन्नाईस लाख अठहत्तर हजार छ सय एकचासिल रुपैया पैतिस पैसा) कबोल गर्ने जायसवाल कन्स्ट्रक्सन, धनुषाको दरभाउ प्रभावग्राही देखिएको भनी छनौट गरी मिति २०७८/०१/१७ मा उक्त निर्माण व्यवसायीसँग सम्झौता गरिएकोमा प्रथम रनिङ बिल वापतको रकम भुक्तानीको लागि ठेक्का बिल वापत मू. अ. कर सहित रु.१४,७१,८१२।५३ (अक्षेरुपी चौध लाख एकहत्तर हजार आठ सय बाह्र रुपैयाँ त्रिपन्न पैसा) को बिल तयार भई प्राविधिक सिफारिश साथ नापी किताब तयार गरी भुक्तानीको लागि मन्त्रालयमा सिफारिश गरेको र सो मन्त्रालयको गोश्वारा भौचर नं. ६९ बाट मिति २०७८/०३/१८ गते प्रथम रनिङ बिल भुक्तानी भएको देखिन्छ भने अन्तिम बिल वापतको मू.अ. कर सहित रु.४,०६,४९१।- (अक्षेरुपी चार लाख छ हजार चार सय एकान्नब्बे रुपैया) समेत गरी कूल रु.१८,७८,३०३।- (अक्षेरुपी अठार लाख अठहत्तर हजार तीन सय तीन मात्र) भुक्तानी भएको तथ्य मिशिल संलग्न नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, भुक्तानीका बिल भर्पाईहरु समेतका प्रमाण कागजातहरुबाट पुष्टि भएको छ।<br>(ख) उक्त आयोजनामा सम्झौता अनुसारको काम नगरी रकम हिनामिना गरेको भन्ने समेत ब्यहोराको उजुरी परि अनुसन्धानको क्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबासबाट खटिएको ईन्जिनियर मनिष कर्माचार्य र प्रहरी निरीक्षक जीवन कुँवर समेतको प्राविधिक सहितको टोलीले महोत्तरी जिल्ला गौशाला नगरपालिका वडा नं. ५ मा अवस्थित ईलाका प्रहरी कार्यालय, गौशालामा कम्पाउण्ड वालको स्थलगत अनुगमन गर्दा कम्पाउण्ड वालको नापजाँचको विवरण अन्तर्गत २२ वटा ०.२५x०.२५x०.२५ मिटर नापको पिल्लर सहितको कम्पाउण्ड वालको कूल लम्बाइ ६४.३ मिटर, चौडाइ बिम माथिबाट ०.१२ मिटर बिम मुनी ०.३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दायर भएको देखिन्छ।<br>(ख) जायसवाल कन्स्ट्रक्सनका निर्माण व्यवसायी/सञ्चालक राकेश प्रसाद जायसवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.५,३१,४२८।७० (अक्षेरुपी पाँच लाख एकतीस हजार चार सय अठ्ठाईस रुपैया सत्तरी पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगो समेत जफत हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। | परिमाण नापजाँच गर्न छुटाईएकोले उक्त स्थलगत नापजाँच मुचुल्का तथा प्राविधिक प्रतिवेदनलाई प्रमाणमा लिन मिल्दैन भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिएको।<br>ख) आयोगबाट भएको स्थलगत् मुचुल्का हेर्दा मुचुल्कामा यी प्रतिवादीहरु मध्ये कसैलाई पनि रोहवरमा राखेको नदेखिएको।<br>ग) आयोगबाट भएको स्थलगत् मुचुल्कामा अनिवार्य रुपमा पालन गर्नु पर्ने कार्यविधि पालन गरेको नदेखिएको।<br>घ) अदालतको आदेशानुसार पुनः नापजाँच गरी पेस भएको मुचुल्काबाट आरोपदाबीमा | मिटर रहेको, सो कम्पाउण्ड वाल जमिन मुनी खनेर हेर्दा उचाइ ०.६ मिटर (गारोको उचाइ) र सोही वालमा (०.२५x०.२५) मिटर नापको एउटा टाइ बिम रहेको, सो वालको औसत उचाइ १.७४ मिटर रहेको, उक्त कम्पाउण्ड वालको (पश्चिम उत्तर) कुनामा बनेको स्नान गृहको गारोको कूल लम्बाइ ५.१ मिटर, चौडाइ ०.१२ मिटर र औसत उचाइ ०.९४५ मिटर रहेको। ईलाका प्रहरी कार्यालय भवनको अगाडि पट्टी बनेको सेन्ट्री पोस्टको कूल लम्बाइ ४.१६ मिटर, चौडाइ ०.२४ मिटर र उचाइ १.२४ मिटर रहेको, उक्त योजनाको निर्माण कार्यको नापी किताब र फिल्ड नाप जाँच तुलना गर्दा नापी किताबमा २३ (तेइस) वटा पिल्लर सहित निर्माण भएको भनिए तापनि स्थलगत नापजाँचमा २२ (बाइस) वटा मात्रै देखिएको, कम्पाउण्ड वालको लम्बाइ ७४.१५८ मिटर भनिए तापनि स्थलगत नापजाँचमा ६४.३ मिटर पाइएको, RCC Beam को संख्या २ (दुई) भनिए तापनि स्थलगत नापजाँचमा १ (एक) मात्रै रहेको र कम्पाउण्ड वालको मुनिको गहिराइ १.२१९२ मिटर भनिए तापनि स्थलगत नापजाँचमा ०.६ मिटर मात्रै पाइएको भन्ने उल्लिखित कार्यमा कूल जम्मा रु.५,३१,४२८।७० (अक्षेरुपी पाँच लाख एकतीस हजार चार सय अठ्ठाइस रुपैया सत्तरी पैसा) बढी भुक्तानी भएको निम्न तालिका सहितको प्रतिवेदन एवं स्थलगत नाँपजाँच पुष्टी भएको देखिन्छ।<br>(ग) आयोगवाट खटिएको प्राविधिक सहितको टोलीले स्थलगत नाँपजाँचको क्रममा निर्माण व्यवसायी जायसवाल कन्स्ट्रक्सन, धनुषाका सञ्चालक राकेश प्रसाद जायसवाललाई आयोगको कार्यालय, बर्दिबासबाट खटिई गएको टोलीले मौखिक सम्पर्क गर्दा निज काठमाडौंमा रहेकोले निजको साथी रंजित कुमार र उक्त निर्माण कार्यमा संलग्न मिस्त्री जय नारायण साहलाई साथमा लिई नाँपजाँच कार्यमा सहयोग लिई फिल्ड यकिन गरिएको देखिन्छ भने निजहरुको रोहवरमा स्थलगत नाँपजाँच भएको भनी जायसवाल कन्स्ट्रक्सन, धनुषाका सञ्चालक राकेश प्रसाद जायसवालले बयानको क्रममा खुलाई दिनुको साथै सर्जमिन मुचुल्का समेत निज राकेश प्रसाद जायसवालको प्रतिनिधिहरुको रोहवरमा भएको देखिदा निर्माण व्यवसायी तथा निजका प्रतिनिधीहरुलाई रोहवरमा नराखी आयोगबाट भएको स्थलगत् मुचुल्का हेर्दा मुचुल्कामा यी प्रतिवादीहरु मध्ये कसैलाई पनि रोहवरमा राखेको नदेखिएको, आयोगबाट भएको स्थलगत् मुचुल्कामा अनिवार्य रुपमा पालन गर्नु पर्ने कार्यविधि पालन गरेको नदेखिएको भनि विशेष अदालतबाट प्रतिवादीहरुलाई सफाई दिदाँ लिईएको तर्कको कानूनी आधार नभई आफैमा खण्डित भएको देखिदा विशेष अदालतबाट प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला बदर भागी छ।<br>(घ) प्रस्तुत मुद्दा प्रतिवादी रविचन्द्र पजियारले बयान गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. २ ले आ.व. २०७७/०७८ मा ईलाका प्रहरी कार्यालय, गौशाला महोत्तरीको कम्पाउण्ड वाल निर्माण कार्यको ठेक्का बिल बनाउने प्रयोजनार्थ मलाई लिखित पत्राचार गरेको थिएन तर मौखिक रुपमा पटक-पटक सम्पर्क गरेर भनेको हुँदा सो योजनाको एकपल्ट फिल्ड गएर रनिङ Bill Forward गरेको थिएँ, ठेक्का सम्बन्धी पहिलो बिलको बिल र नापी किताबमा मैलै नै दस्तखत गरेको हो भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिदा ठेक्का बिल बनाउने कार्यमा निजको प्रत्यक्ष संलग्नता देखिन्छ। अर्का प्रतिवादी रामजनिज यादवले बयान गर्दा उक्त योजनाको साइट इन्जिनियरको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उल्लेख भएअनुसार घटी काम भएको भन्ने नदेखिएको। | रुपमा खटिएको र उक्त कार्यको मूल्याङ्कन बिल (पहिलो र अन्तिम) तयार गरी हस्ताक्षर गरि लागत अनुमान, ठेक्का सम्बन्धी बिल (रनिङ तथा फाइनल), नापी किताब, कार्य सम्पन्न लगायतका कागजातहरुमा दस्तखत गरेको तथ्यलाई स्विकार गरेको देखिन्छ। प्रतिवादी अवधकिशोर प्रसाद कुशवाहाले उक्त योजनाको ठेक्का प्रक्रियादेखि भुक्तानी सम्मको कार्यमा संलग्न रहेको, उक्त निर्माण कार्यको रनिङ बिल, फाइनल बिल र नापी किताबहरु प्राविधिकबाट तयार गरी सिफारिश भए बमोजिम भुक्तानी गरेको तथ्यलाई बयानमा स्विकार गरेको देखिन्छ। उक्त निर्माण कार्यमा अनियमितता भएको उजुरी परि आयोगको कार्यालय, बर्दिबासबाट स्थलगत निरीक्षण तथा नाँपजाँच गर्दा निज प्रतिवादीहरुले तयार गरि भुक्तानी दिएको नापी किताव, कार्य सम्पन्न प्रतिवेदन अनुसारको काम भएको नपाईएको व्यहोरा स्थलगत नाँपजाँच तथा प्राविधिक प्रतिवेदनबाट देखिईरहेको अवस्थामा उक्त आयोगबाट भएको स्थलगत नापजाँच मुचुल्का एवं प्राविधिक प्रतिवेदनलाई कानून तथा कार्यविधि विपरितका तर्क गरि प्रतिवादीहरुलाई सफाइ दिने ठहर गरि भएको फैसला त्रुटीपुर्न देखिदा बदर भागी छ।<br>(ङ) प्रतिवादी जायसवाल कन्स्ट्रक्सन, धनुषाका सञ्चालक राकेश प्रसादले उक्त योजनामा रनिङ तथा अन्तिम बिल एवं प्राविधिक इन्जिनियर राममनिज यादवले स्थलगत नाँपजाँच गरी तयार गरेको बिल पेश गरेको देखिन्छ। उक्त कम्पाउण्ड वालको निर्माण कार्य अन्तर्गत पर्खालको लम्बाइ ७०/७२ मिटर, पर्खालको उचाइ १.८४ मिटर, पर्खालको बिमभन्दा मुनीको उचाइ १ मिटर, आर.सि.सि. पिलर २२ वटा, इट्टाको पिलर १ वटा र आर.सि.सि. बिम २ वटा निर्माण भएको भनी खुलाई सोही अनुसार कूल रु.१८,७८,३०३।- (अक्षेरुपी अठार लाख अठहत्तर हजार तीन सय तीन मात्र) भुक्तानी लिएकोमा आयोगको कार्यालय, बर्दिबासबाट स्थलगत निरीक्षण तथा नाँपजाँच गर्दा निजले पेस गरेको नापी किताव कार्य सम्पन्न प्रतिवेदन अनुसारको काम नभई रु.५,३१,४२८।७० (अक्षेरुपी पाँच लाख एकतीस हजार चार सय अट्ठाइस रुपैया सत्तरी पैसा) बढी भुक्तानी लिई भ्रष्टाचारजन्य कार्य गरेको तथ्य प्रमाणित भई रहेको अवस्थामा उक्त प्रमाणको विश्लेषण नगरी भएको फैसला त्रुटिपूर्ण देखिंदा बदरभागी छ।<br>(च) उक्त योजनाका सम्वन्धमा बिशेष अदालत काठमाण्डौको मिति २०८१।९।३ को आदेशानुसार महोत्तरी जिल्ला अदालतका कर्मचारीको टोलीले गरेको स्थलगत नापजाँच मुचुल्कामा उक्त विवादित पर्खालको लम्बाई ८०.७८, पिल्लर संख्या २४, विम संख्या २ र विमको मुनदेखि पर्खालको उचाई औसतमा ३.५०३ भएको नै उल्लेख भएको पाईन्छ। यसरी निमार्ण सम्पन्न भएको लामो समय पछी अदालतबाट खटिएको टोलीले केही फरक प्रतिवेदन दिएतापनि प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा तत्कालीन अवस्थामा गरिएको नापजाँच गर्ने प्रतिवेदकको प्रतिवेदन व्यहोरा र निज प्रतिबेदक मनिष कर्माचार्य र जीवन कुँवर समेतले अदालतमा गरेको बकपत्रलाई प्रमान ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरि प्रतिवादीहरुलाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादीहरुलाई सफाई दिन कै लागी उक्त नापजाँच र मुचुल्का सहितको प्रविधिक प्रतिबेदनलाई कानून विपरित भएको अर्थ गरि भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>अतः ईलाका प्रहरी कार्यालय गौशाला, महोत्तरीको कम्पाउण्ड वालको निर्माण कार्यको नापी किताब र आयोगबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | खटिएको प्राविधिक टोलीले स्थलगत नाँपजाँच गरी दिएको प्रतिवेदनलाई तुलना गरी हेर्दा, फिल्डमा भएको वास्तविक निर्माण कार्य भन्दा बढी निर्माण कार्य भएको हो भनी बढी रकमको मूल्याङ्कन दररेट राखी सो वापत बढी रकम रु.५,३१,४२८।७० (अक्षेरुपी पाँच लाख एकतीस हजार चार सय अट्ठाईस रुपैया सत्तरी पैसा) भुक्तानी लिएको देखिएको हुँदा उक्त कार्यमा आपसी मिलेमतो गरी योजना बनाई आफूलाई गैरकानुनी लाभ र नेपाल सरकारको सम्पत्तिको हानी नोक्सानी दुरुपयोग गरेकोले प्रतिवादीहरु अवधकिशोर प्रसाद कुशवाहा, रविचन्द्र पजियार, राममनिज यादव भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को देहाय (ग) र (ङ) बमोजिम र जायसवाल कन्स्ट्रक्सन, धनुषाका सञ्चालक राकेश प्रसाद जायसवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ तथा दफा ८(४) बमोजिम र प्रतिवादीहरु अवधकिशोर प्रसाद कुशवाहा, रविचन्द्र पजियार, राममनिज यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुनु पर्नेमा सफाई दिई भएको फैसला माथी विवेचित आधार कारण एवं कानूनी ब्यवस्था समेतको आधारमा बदर भागी हुदाँ उक्त फैसला बदर गरि प्रतिवादीहरु अवधकिशोर प्रसाद कुशवाहा, रविचन्द्र पजियार, राममनिज यादव र जायसवाल कन्स्ट्रक्सन, धनुषाका सञ्चालक राकेश प्रसाद जायसवाललाई आरोप दावी बमोजिम सजाय गरि पाउँ । |